annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक १६९ पृष्ठ १०। काठमाडौं, सोमबार ५ कात्तिक २०८१ | कार्तिक कृष्णपक्ष चतुर्थी नेपाल संवत् ११४४ | MONDAY, OCTOBER 21, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित। मूल्य : रु. १०

कभर स्टोरी







डाँडापाखर, सिन्धुपाल्चोक।

# वन–कार्बन व्यापारमा नेपाल दक्षिण एसियामै पहिलो

## पहिलो किस्तामा डेढ अर्ब बढी प्राप्त हुने

नेपालले वन कार्बन उत्सर्जन कटौती गरेकाले पहिलो चरणमा डेढ अर्ब बढी रकम पाउने भएको छ। नेपालको कुल कार्बन सञ्चिति क्षमता १ अर्ब ५ करोड ५० लाख टन (औसत १७६.९५ टन प्रतिहेक्टर) रहेको अनुमान छ। यसमध्ये पहिलो चरणमा २३ लाख टन बराबरको कार्बन सञ्चिति गरेबापत विश्व बैंकसँग गरेको सम्झौताअनुसार नेपालले यो रकम प्राप्त गर्न लागेको हो। वन-कार्बन व्यापारमा दक्षिण एसियामै नेपाल पहिलो र समग्र एशियामा उत्कृष्ट १० भित्र रहेको दाबी गरिएको छ।

समाचार पृष्ठ २

**ममता थापा** | *काठमाडौं*

**– को रिपोर्ट**

### वन–कार्बन व्यापारमा कुन देशको अवस्था कस्तो ?

| देश | तोकिएको वर्ष | कार्बन उत्सर्जन कटौती (टनमा) | रकम (अमेरिकी डलरमा) |
|---|---|---|---|
| ब्राजिल | २०१४–२०१५ | १८ ८१९ ९४६ | ९६ ४५२ २२८ |
| इक्वेडर | २०१४ | ३ ६२३ ७५९ | १८ ५७१ ७६६ |
| चिली | २०१४–२०१६ | १२ ४११ २२९ | ६३ ६०७ ५५२ |
| पाराग्वे | २०१५–२०१७ | ९ ७५६ ०९८ | ५०००००००० |
| इन्डोनेसिया | २०१४–२०१६ | २० २५० ००० | १०३ ७८१ २५० |
| कोलम्बिया | २०१५–२०१६ | ६ ९५२ ४५१ | २८ २०८ १२३ |
| अर्जेन्टिना | २०१४–२०१६ | १८ ७३१ ७०७ | ८,२ ०,००, ००० |
| कोस्टा रिका | २०१४–२०१५ | १० ५५९ ८३३ | ५,४ १,१९ १४३ |
| नेपाल पहिलो किस्तामा विक्रि सम्झौता भैसकेको | २०१८–२०२२ | २३००००० | १२,००,००० |
| नेपालले दोस्रो किस्तामा बिक्री सम्झौता हुन बाँकी | | ५,०००,००० | २५,००,००० |

*स्रोत : रेड कार्यान्वयन केन्द्र*

## बालुवाटारमा देउवा–ओली भेटवार्ता

**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबीच भेटवार्ता भएको छ। बालुवाटारमा आइतबार बेलुका दुई नेताबीच भेटवार्ता भएको हो।

भेटमा एमालेबाट प्रधानमन्त्री ओलीसहित उपप्रधानमन्त्री एवं उपाध्यक्ष विष्णुप्रसाद पौडेल, महासचिव शंकर पोखरेललगायत छन्। कांग्रेसकातर्फबाट सभापति देउवा, महामन्त्री गगन थापा, रमेश लेखकलगायत छन्। सरकारका काम कारबाहीको विषयमा भेटवार्तामा छलफल भएको छ। प्रधानमन्त्री ओलीको नेतृत्वमा कांग्रेस एमाले गठबन्धन सरकार बनेको १ सय दिन भएको छ।

प्रधानमन्त्री ओली राजनीतिक दल विभाजनसम्बन्धी अध्यादेश ल्याउने तयारी भइरहेको चर्चा छ। तर, कांग्रेसले भने यो विषयमा कुनै प्रतिक्रिया दिएको छैन। रास्वपा सभापति रवि लामिछाने पक्राउ, सरकारका काम कारबाही लगायतका विषयम कांग्रेस र एमालेबीच छलफल भएको छ।


## चिनियाँ नेता भेटघाटमा व्यस्त

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय कमिटीका सदस्य एवं सिङहाइ प्रान्तका सेक्रेटरी छेन् गाङ्ग भेटघाटमा व्यस्त छ। उनी नेपालका कम्युनिस्ट पार्टीका नेताहरूसँग भेटघाट गरिरहेका छन्। उनले प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग भेटेका छन्।

चिनियाँ नेता छेन्ले आफू चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव एवं राष्ट्रपति सी जिनपिङको निर्देशनमा नेपालको भ्रमणमा आएको बताए। भेटघाटमा दुई देशबीचको सम्बन्ध अझ सुदृढ बनाउने विषयमा छलफल भएको छ।

आइतबार उनले प्रधानमन्त्री ओलीसँग भेट गरेका छन्। प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा दुई देश र दुई पार्टीबीचको आपसी सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा छलफल



भएको छ। प्रधानमन्त्री ओलीले चिनियाँ कम्युनिस्ट पार्टी र महासचिव सी जिनपिडको नेतृत्वमा चीनमा गरिबीको अन्त्यसहित भएको चौतर्फी विकास असाधारण रहेको उल्लेख गर्दै नेपालले त्यस विकासबाट लाभ लिन चाहने बताए।

» बाँकी पृष्ठ ६

## जो थिए पर्यापर्यटनका अग्रणी

**सुनिता कार्की** | *काठमाडौं*

नेपालमा पर्यापर्यटनका अग्रणी व्यक्तिका रूपमा चिनिने वसन्तराज मिश्रको निधन भएको छ। एक सातादेखि डेंगु लागेर थापाथलीस्थित नर्भिक अस्पतालमा रहेका उनको उपचारको क्रममा आइतबार बिहान निधन भएको परिवार स्रोतले जनाएको छ। उनको जन्म २००९ फागुन १५ गते भएको थियो।

ज्वरोले थलिएका मिश्र दसैंको टीकाको दिन घरमा नै लडेका थिए। एकादशीका दिन डेंगु संक्रमण प्रमाणित भएपछि उनलाई नर्भिक अस्पताल भर्ना गरिएको थियो। भर्ना भएको भोलिपल्टै उनलाई मस्तिष्कघात भयो। त्यसपछि तुरुन्तै उनको सल्यक्रिया गरियो। सल्यक्रिया सफल भएको उपचारमा संलग्न डाक्टरले बताएको परिवार स्रोतले जनायो। तर, डेंगुका कारण आन्तरिक रक्तस्राव भएर उनको निधन भएको हो। उनको आइतबार नै पशुपति आर्यघाटमा अन्तिम दाहसंस्कार गरिएको छ।

उनको श्रीमती, एक छोरा र एक छोरी छन्। पर्यटन व्यवसायअन्तर्गत पर्या-पर्यटनलाई नेपालमा स्थापित गर्ने र यसको सम्भावना छ भनेर वकालत गर्ने व्यक्तिका रूपमा उनलाई चिनिन्छ। पैसाभन्दा पनि नाम कमाउनुपर्छ भन्ने सोच राख्ने उनी सधैंका लागि अमर हुने गरी नाम कमाएर संसारबाट बिदा भएका छन्। जागिरे परिवेशमा हुर्किएका उनले जागिरभन्दा आफ्नो छुट्टै व्यवसायलाई चुने। स्नातकपछि युरोप भ्रमणको क्रममा व्यवसाय व्यवस्थापन, मार्केटिङ र सार्वजनिक भाषणमा छोटो अवधिको कोर्स लिएको द अन्नपूर्ण एक्सप्रेसलाई



केही समय अघि उनले दिएका एक अन्तर्वार्तामा भनेका छन्। 'युरोपले मलाई काम अत्यावश्यक छ भन्ने सिकायो। आम्दानीको लागि मात्र नभई आफ्नो पहिचान स्थापित गर्नका लागि काम जरुरी छ। तपाईंले कति कमाउनुहुन्छ भन्ने होइन तर तपाईं को हुनुहुन्छ भन्ने कुरा महत्वपूर्ण छ', उनले उक्त अन्तर्वार्तामा भनेका थिए।

सन् १९७७ मा मिश्रले पर्यटन क्षेत्रमा करियर सुरु गरे। पर्यटन क्षेत्रमा लागेको ११ वर्षपछि टेम्पल टाइगर ग्रुप अफ कम्पनिज स्थापना भएको हो। नेपालमा दिगो र जिम्मेवार पर्यटन प्रबर्द्धन गर्ने यो पहिलो कम्पनी हो।

नेपालको पर्यटन उद्योग औपचारिक रूपमा १९५० को दशकमा सुरु भएको हो। ७० को दशकको उत्तरार्धमा, प्राय: सम्पन्न परिवारका मानिस र अंग्रेजीमा बोल्न र लेख्न सक्नेहरू पर्यटनमा संलग्न थिए। त्यही मध्येका मिश्र पनि थिए। होटल व्यवसाय, ट्राभल एजेन्सीबाट सुरु भएको उनको पर्यटन यात्रा संरक्षण पर्यटनमा पुगेपछि झन् स्थापित बन्यो।

उनले चितवन राष्ट्रिय निकुञ्जभित्र नै टेम्पल टाइगर जंगल एन्ड लज खोले। हाई-इन्डका (उच्च कोटिका) पर्यटकलाई आकर्षित गर्न, वन्यजन्तुसँगको प्रत्यक्ष अनभूति गर्न र साहसिक बसाईका रूपमा लज विश्वसामु स्थापित भयो। नेपाल वन्यजन्तु पर्यटनका लागि एसियामा नै उत्कृष्ट गन्तव्य रहेको उनी बताइरहन्थे। पर्यटन व्यवसायसँगै उनी नेपाल पर्यटन बोर्डको संस्थापक निर्देशक पनि बने।

» बाँकी पृष्ठ ६

